केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१९/०६६/६७ मिति: २०६६/०८/०८

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

नयाँ बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको चुक्ता पुँजी पुऱ्याउने म्याद र २५ प्रतिशत एकल ग्राहक कर्जा सीमा कायम गर्ने सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था, २०६३ को दफा १.३ मा उल्लेख भए बमोजिम नयाँ बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको चुक्ता पुँजी पुऱ्याउने प्रतिबद्धताको म्याद २०६७ आषाढ मसान्तसम्म रहेकोमा सो समयावधिको म्यादलाई संशोधन गरी २०६७ चैत्र मसान्तसम्म कायम गरिएको छ ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०६६ को निर्देशन नं. ३ को बुँदा नं. १ (१) तथा प.सं. बैं.वि.नि.वि./नीति/परिपत्र/३।०६६।६७ मिति २०६६।४।३० मा जारी भएको परिपत्रको बुँदा नं. २ मा भएको अन्य सम्पूर्ण व्यवस्था यथावत कायम राखी एकल ग्राहक कर्जा सीमालाई २०६७ श्रावण १ गते देखि कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी प्राथमिक पुँजीको २५ प्रतिशतसम्म कुल सीमा कायम गर्ने व्यवस्था उल्लेख भएकोमा उक्त समय सीमालाई २०६७ माघ १ गतेदेखि लागु हुने गरी संशोधन गरिएको छ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री डेभलपमेण्ट बैंकर्स एशोशिएशन, अनामनगर, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।